च.१२०८१ असोज १३ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ३ /२०८१/०८२

आज मिति २०८१ असोज १३ गते आइतबारका दिन सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | | |
|---|---|---|
| | श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रेवत बहादुर बुढाथोकी | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| | श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| | श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार ओली प्रशासन शाखा प्रमुख

श्री ठकेन्द्र खत्री आर्थिक प्रशासन शाखा प्रमुख

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी भाग)
लुम्बिनी प्रदेश

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ असोज १३ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ३ /२०८१/०८२

प्रस्तावहरुः

१. गत कार्यपालिकाको बैठकको निर्णय कार्यान्वयनको समिक्षा ।

२. बिपद व्यवस्थापन सम्बन्धमा ।

३. विश्व खाद्य कार्यक्रम अन्तर्गत LISP परियोजना ।

४. सडक पूर्वाधार विकास कार्यालयलाई साइट निर्धारण ।

५. सिस्ने गाउँपालिका आपतकालिन बाल उद्धार कोष (व्यवस्थापन र सञ्चालन) कार्यविधि, २०८१ ।

६. सिस्ने गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका , २०८१ ।

७. सिस्ने गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (WaSH) योजना २०२०-२०३० ।

८. सिस्ने गाउँपालिका अन्तर्गत सानी भेरीको विभिन्न क्षेत्रबाट दिगो रुपमा ढुङ्गा गिट्टि तथा बालुवाको संकलन/उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत ।

९. सर्वोच्च अदालतमा प्रतिनिधि खटाउने ।

१०. नायगाडमा निर्माणाधिन ५ शैयाको अस्पताल भवन निर्माण ठेक्काको म्याद थप ।

११. चोकबजार पाखागाउँ हुँदै सेराखेत ढल निकास निर्माण ठेक्काको म्याद थप ।

निर्णय नं. १,

गत कार्यपालिकाको बैठकका निर्णयहरु प्राय सबै कार्यान्वयन भएको पाइयो । सिस्ने गाउँपालिकाका उत्कृष्ट कर्मचारी तथा शिक्षकलाई पुरस्कृत गर्ने कार्यक्रम विशेष कारणवस संविधान दिवसको दिन हुन नसकेकाले उक्त कार्यक्रम आउँदो हिउँदे गाउँसभामा गर्ने ।

निर्णय नं. २,

वर्षातको समयमा बाढी तथा पहिरोले अवरुद्ध भएका विभिन्न वडाका सडकहरु सुचारु गर्न पूर्वाधार एम्बुलेन्स बजेट शिर्षकबाट खर्च लेख्ने गरी तपसिल बमोजिमका फर्मलाई जिम्मा दिने ।

वडा नं. ३ ७ ८ एम वि कन्स्ट्रक्सन

वडा नं. ४ ५ ६ थापा कन्स्ट्रक्सन

साउन मिहिनाको दोस्रो हप्ताको पहिरोले देउखोला देखि नायगाड बाटोको भालुखाप्चे स्थानमा आवा गमन पूर्ण रुपमा बन्द भएकाले पैदल यात्रामा अति कठीनाई भएकोले उक्त बाटो निर्माण उपभोक्ता समिति मार्फत निर्माण गर्ने र लागत अनुमान बमोजिमको रकम उद्धार राहत तथा पुन स्थापना खर्च शिर्षकबाट रु १०,००,०००। अक्षरेपी दश लाख खर्च लेख्ने ।

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

(छाप: सिस्ने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय)

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

निर्णय नं. ३,

विश्व खाद्य कार्यक्रम अन्तर्गत LISP परियोजना सँग तपसिलका सडकहरु साझेदारीमा कार्यान्वयनका लागि माग गर्ने ।

| क.स. | विषय क्षेत्र अनुसार कार्यक्रम तथा आयोजनाको नाम | ठेगाना/वडा नं. | प्राथमिकता क्रम |
|---|---|---|---|
| १ | धाउने - तितेखोला सडक | ५ र ३ | १ |
| २ | तिपतारा - सुर्दि सिस्ने सडक | १ र २ | १ |
| ३ | ट्राफिकचोक - मैदान सडक | ५ | २ |
| ४ | छिप्रीदह - बालुवा सडक | ६ | २ |
| ५ | कोरवास - झिंग्री - होरदिङ सडक | ६ | २ |
| ६ | झाक्रीपोले - जौलेखाली सडक | ४ | २ |
| ७ | सानचौर - कानेवाङ सडक | ७ | २ |
| ८ | मौवाडाँडा - भुरुङगा सडक | ८ | २ |
| ९ | मुलपानी पोखरा सडक | ३ | २ |
| १० | घ्यांगारचौर - थाग्ना - ह्यायाप्ला सडक | ५ | २ |
| ११ | भैसेखाल – पाथिहाल्ना - द्वारे जोड्ने सडक | | २ |

निर्णय नं. ४,

सडक पूर्वाधार विकास कार्यालय रुकुम (पूर्वी भाग) बाट कार्यान्वयन हुने पिपल पोखरा प्वाङ सिस्ने डोल्पा सडकको वजेट रु २०,००,०००।- अक्षरेपी वीस लाख रुपैया, प्वाङ ओखेना हुँदै ठूलो सिस्ने सडक शिर्षकको रु ३०,००,०००।- अक्षरेपी तीस लाख रुपैया, बुर्केसल्ला लामागार प्वाङ खरिबोट सडकको वजेट रु १५,००,०००।- अक्षरेपी पन्ध्र लाख रुपैया र प्वाङ - नायगाड - सिस्ने - डोल्पा सडकको बजेट रु ४०,००,०००।– अक्षरेपी चालिस लाख रुपैया लाई संशोधन गरी प्वाङ अन्तर्गतको कुमा- नेटा - तिसारा खण्ड मा रु १,०५,००,०००।- अक्षरेपी पैसठ्ठी लाख रुपैया सडकको साइट निर्धारण गरी कार्यान्वयन गर्न सडक पूर्वाधार विकास कार्यालय रुकुम (पूर्वी भाग) लाई अनुरोध गर्ने ।

निर्णय नं. ५,

सिस्ने गाउँपालिका आपतकालिन वाल उद्धार कोष (व्यवस्थापन र सञ्चालन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

निर्णय नं. ६,

सिस्ने गाउँपालिकाको कर्मचारी कल्याण कोष सञ्चालन निर्देशिका , २०८१ स्वीकृत गर्ने।

रवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner

२०८१ असोज १३ कार्यपालिका बैठक कक्ष बैठक संख्या: ३ /२०८१/०८२

निर्णय नं. ७,

सिस्ने गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (WaSH) योजना २०२०-२०३० स्वीकृत गर्ने।

निर्णय नं. ८,

सिस्ने गाउँपालिका अन्तर्गत सानी भेरीको विभिन्न क्षेत्रबाट दिगो रुपमा ढुङ्गा गिट्टि तथा बालुवाको संकलन/ उत्खनन् कार्यको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन स्वीकृत गर्ने ।उक्त प्रतिवेदनले वार्षिक रु २८२९८९६।८९ अक्षरेपी अठ्ठाइस लाख उन्नतिस हजार आठ सय छयानब्बे रुपैया उनानब्बे पैसा मात्र राजस्व संकलन गर्न सकिने सिफारिस गरेकाले न्युनतम बोल कबोल अंक रु ३०,००,०००। अक्षरेपी तीस लाख रुपैया कायम गरी आय ठेक्का व्यवस्थापन गर्ने ।

निर्णय नं. ९,

श्री सम्मानित सर्वोच्च अदालतबाट जारी भएको सूचना म्याद सम्बत २०८० सालको ०८०-MS-००३९, अदालतको अवहेलना सम्बन्धी मुद्दाको लिखित प्रतिवाद गर्न, कानुन व्यवसायी नियुक्ती गर्न, वारेस नियुक्त गर्न लगायतका काम कारबाही गर्न अधिवक्ता तारा प्रसाद तिमल्सिना लाई अख्तियार प्रदान गर्ने ।

निर्णय नं-१०

सिस्ने गाउँपालिका वडा नं-०२ नायगाढमा निर्माणाधिन ५ शैयाको अस्पताल भवन निर्माण ठेक्काको ठेक्का म्याद पुहिलो पटकका लागि २०८१ साल असार मसान्त सम्म थप गरिएकोमा हाल उक्त ठेक्का सम्झौता बमोजिमको काम सन्तोषजनक रुपमा अगाडि बढिरहेको अवस्थालाई मध्यनजर गर्दै सो ठेक्का सम्झौताको म्याद अन्तिम पटकका लागि मिति २०८१ साल पुस मसान्त सम्मका लागि थप गर्ने।

निर्णय नं-११

सिस्ने गाउँपालिकाको आ.व. २०८०/८१ को संघीय समपुरक अनुदान तर्फ चोकबजार पाखागाउँ हुँदै सेराखेत ढल निकास निर्माण योजना बहुवर्षिक ठेक्का सम्झौता भई २०८१ साल असोज १४ गते सम्म म्याद कायम रहेकोमा हाल उक्त काममा डिजाईन बमोजिमको काममा भौगोलिक अवस्थितिको कारणले गर्दा केही परिमार्जन भई थप काम गर्नु परेकाले सो ठेक्का सम्झौताको बाँकी काम सम्पन्न गर्नका लागि मिति २०८१ साल पुष मसान्त सम्म ठेक्का म्याद थप गर्ने।

निर्णय समाप्त

२०८१।६।१३

रेवत बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

सिस्ने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुकुमकोट, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश, नेपाल
२०७३

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner